बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि

# वडा स्तरीय बालबालिकाको वस्तुस्थिति विवरण २०८१

पूर्वीचौकी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय सानागाउ, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रकाशक :

पूर्वीचौकी गाउँपालिका, सानागाउ, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
ईमेल : ito.purbichaukimun@gmail.com

सर्वाधिकार :

पूर्वीचौकी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सानागाउ, डोटी

प्रकाशन मिति : २०८१ साल वैशाख


सम्पादन :

- हरिभक्त साउद, रोजगार संयोजक तथा महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख (बालमैत्री स्थानीय शासन सम्पर्क व्यक्ति)

सल्लाहकारहरु:

- राम प्रसाद उपाध्याय, अध्यक्ष
- पशुपती खडका, उपाध्यक्ष
- विक्रम श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत
- अंक बहादुर खडका, वडा अध्यक्ष
- विनोद भट्ट, शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख
- गगन भण्डारी, प्रशासन तथा योजना शाखा प्रमुख
- धन बहादुर खडका, पूर्व प्र.अ. (शाजेन्द्रश्वर मावि)
- विर बहादुर खडका, वडा सदस्य

# गाउँपालिकाको नक्सा



N
W
E
S
2
Wagalek
3
Gaihragau
Khirsain
1
5
Kadamandau
6
Ganjari
7
Pokhari
Legend
PurbichaukiRM Ward
<all other values>
NEW_WARD_N
1
2
3
4
5
6
7
PurbichaukiRM Center
<all other values>
Strategic roads (Purbichauki)

# विषय सूची


**खण्ड : १ परिचय** ........ 8

**१.१ वडा नं.१ खिरसैनको भौगोलिक अवस्थिति, हावापानी, भु-उपयोग** ........ 8

**१.२ ऐतिहासिक पृष्टभूमि तथा विशेषता** ........ 8

**१.३ वडाको आर्थिक अवस्था** ........ 9

**१.४ विकासको सम्भावना, अवसर, चुनौती र समस्याहरु** ........ 9

**खण्ड : २ बालमैत्री स्थानीय शासन** ........ 11

**२.१ बालमैत्री स्थानीय शासनको अवधारणा** ........ 11

**२.२ बालबालिकाको परिभाषा :** ........ 12

**२.३ बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यकता :** ........ 12

**२.४ विद्यमान ऐन नियममा बालबालिका सम्बन्धी भएको व्यवस्था** ........ 13

२.४.१ नेपालको संविधान ........ 13

२.४.२ बालबालिका सम्बन्धी ऐन २०७५ ........ 14

२.४.३ स्थानिय सरकार सञ्चालन ऐन २०७४ ........ 14

२.४.४ मुलुकी अपराध संहिता ऐन, २०७४ ........ 15

२.४.५ मुलुकी देवानी संहिता ऐन, २०७४ ........ 15

२.४.६ श्रम ऐन, २०७४ ........ 16

२.४.७ मानव अधिकार आयोग ऐन, २०६८ ........ 16

२.४.८ बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ ........ 16

२.४.९ मानव बेचविखन र ओसार पसार (नियन्त्रण सम्बन्धी) ऐन, २०६४ ........ 16

२.४.१० बालमैत्री स्थानीय शासन : राष्ट्रिय रणनीती २०७४ ........ 17

२.४.११ बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनिति २०७२ ........ 17

२.४.१२ दिगो विकासका लक्ष्यहरु : ........ 17

२.४.१३ बाल अधिकार सम्बन्धि महासन्धि, १९८९ ........ 18

**२.५ जिल्ला, नगर तथा गाउँस्तरीय योजनामा बालबालिका सम्बन्धी भएको व्यवस्था** ........ 18

**२.६ बाल समूह वा बाल क्लबहरु** ........ 18

**२.७ बालमैत्री गाउँपालिका अवधारणा** ........ 19

२.८ बाल अधिकार (बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता) ........ 19

२.९ बालमैत्री स्थानीय शासन कार्यक्रमका साझेदार तथा सहयोगी संस्थाहरु ........ 21

खण्ड : ३ वडाको जनसंख्यिकी विवरण ........ 22

३.१ लिङ्ग अनुसार घरमुलीको विवरण ........ 22

३.२ जातिगत, धर्म र मातृभाषाका आधारमा घरपरिवार विवरण ........ 22

३.३ उमेर समूह अनुसार जनसंख्या ........ 23

३.४ बालबालिकाको जनसंख्या ........ 23

३.५ जनसंख्या वृद्धिदर ........ 24

३.६ जन्म दर्ता सम्बन्धी विवरण ........ 24

३.७ बाल विवाहको अवस्था : ........ 25

३.७.१ विवाह सम्बन्धी विवरण : ........ 25

३.७.२ बाल विवाह सम्बन्धी विवरण : ........ 25

३.८ परिवार संख्या र प्रति परिवार औसत बालबालिका संख्या : ........ 26

खण्ड : ४ बाल तथा मातृ स्वास्थ्य ........ 27

४.१ बाल तथा मातृ स्वास्थ्य ........ 27

४.२ सुरक्षित मातृत्व कार्यक्रम : ........ 27

४.३ खोप लगाउने बालबालिकासम्बन्धी विवरण : ........ 27

४.४ पोलियो थोपा खाने बालबालिका सम्बन्धी विवरण ........ 28

४.५ बालबालिकामा पोषणको स्थिति ........ 28

४.५.१ स्तनपान सम्बन्धी विवरण ........ 28

४.५.२ कुपोषणबाट प्रभावित बालबालिका सम्बन्धी विवरण ........ 29

४.६ परिवार नियोजन साधन प्रयोगकर्ताको विवरण ........ 29

४.७.१ प्रसुती पुर्व गर्भवती महिलाहरुको स्वास्थ्य परिक्षण विवरण ........ 30

४.७.२ प्रसुति पश्चात आमा र नवजात शिशुको स्वास्थ्य परिक्षण गरिएको विवरण ........ 30

४.८ दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरुको विवरण ........ 31

४.९ नियमित रुपमा तौल लिइएको बालबालिका सम्बन्धी विवरण ........ 31

४.१० भिटामिन “ए” तथा जुकाको औषधी खाएका बालबालिका सम्बन्धी विवरण ........ 31

४.११ आयोडिनयुक्त नुनको प्रयोग गर्ने घरपरिवार सम्बन्धी विवरण : ........ 32

४.१२ सार्वजनिक तथा निजी चर्पी र सरसफाईसम्बन्धी विवरण :......32
४.१३ खानेपानीको स्रोत तथा उपलब्धी विवरण :......33
खण्ड : ५ वडाको शैक्षिक अवस्था......34
५.१ महिला तथा बालबालिकाको साक्षरता विवरण......34
५.२ शैक्षिक संस्थाहरुको विवरण......34
५.३ छात्रछात्राको विवरण......34
५.४ विद्यार्थी भर्ना दर......35
५.५ कक्षा दोहोर्याउने विद्यार्थी सम्बन्धी विवरण......35
५.६ छात्रवृत्ति प्राप्त विद्यार्थी विवरण......35
५.७ तहगत रुपमा कुल शिक्षक सम्बन्धी विवरण (शिक्षक शिक्षिका विवरण)......36
५.८ शिक्षकको तालिम सम्बन्धी विवरण......36
५.९ वडा स्तरमा विद्यार्थी र शिक्षकको अनुपात......36
५.१० विद्यालयमा खानेपानीको सुविधा......36
५.११ छात्रछात्राको लागि शौचालयको व्यवस्था......36
५.१२ कक्षा कोठा, फर्नीचर खेल मैदानसम्बन्धी विवरण......37
५.१३ विद्यालय जान लाग्ने समय......37
५.१४ विद्यालय जान छोड्नेहरु सम्बन्धी विवरण......38
५.१५ बाल विकास केन्द्र वा पूर्व प्राथमिक विद्यालयको विवरण......38
५.१६ अपाङ्गमैत्री विद्यालयको विवरण :......39
खण्ड : ६ बाल संरक्षण......40
६.१ बाल संरक्षणको जोखिममा रहेका बालबालिका सम्बन्धी विवरण......40
६.२ बालबालिकामाथि हुने भेदभाव सम्बन्धी विवरण......40
६.२.१ बाल कमजोरीमा घरपरिवारको व्यवहार......40
६.२.२ घरपरिवारमा छोराछोरी बिच भेदभाव......40
६.२.३ बालबालिकाको गल्तिमा विद्यालयमा हुने यातना......40
६.३ बाल श्रमिक सम्बन्धी विवरण......41
६.४ बाल यौन शोषण तथा बेचविखन सम्बन्धी विवरण......41
६.५ सडक बालबालिकाको विवरण......41

६.६ कुलतमा लागेका बालबालिकाको विवरण ..... 41
६.७ उमेर समूह अनुसार मृत्यु हुने बालबालिकाको विवरण ..... 41
६.८ खाद्यान्न संकटमा परेका बालबालिकाको विवरण ..... 41
६.९ जाडो तथा गर्मीका कारण मृत्यु हुने गर्भवती महिला तथा बालबालिकाको विवरण : ..... 42
६.१० संस्थागत हेरचाहमा रहेका बालबालिका सम्बन्धी विवरण : ..... 42
खण्ड : ७ आर्थिक विकास ..... 43
७.१ पेशा तथा आय आर्जनको अवस्था सम्बन्धी विवरण ..... 43
७.२ आम्दानीले खान पुग्ने अवस्था सम्बन्धी विवरण ..... 43
७.३ रोजगारीका लागि विदेशमा गएकाहरुको विवरण ..... 44
खण्ड : ८ प्रकोप तथा शान्ति सुरक्षा ..... 46
८.१ प्रकोपकको विवरण : ..... 46
८.२ प्रकोपबाट भएको क्षतिको विवरण : ..... 46
८.३ बाल अपराधको विवरण ..... 46

# खण्ड : १ परिचय

## १.१ वडा नं.१ खिरसैनको भौगोलिक अवस्थिति, हावापानी, भु-उपयोग

पूर्वीचौकी गाउँपालिका वडा नं. १ खिरसैन साविकको खिरसैन गा.वि.स.का ९ वटा वडा मिलेर बनेको हो । यस वडामा साना ठुला गरी २४ वटा टोलहरु रहेका छन् । यस वडामा जम्मा ५१३ घरपरिवार रहेका छन् । घरधुरी सर्वेक्षण २०८१ अनुसार यस वडाको जनसंख्या महिला १४२० पुरुष १३९० गरी जम्मा २८१० रहेको छ । जसमा १८ वर्ष मुनिका बालबालिकाहरुमा बालक ५७७ र बालिका ५५१ गरी जम्मा ११२८ रहेका छन् ।

भौगोलिक दृष्टिकोणले यस वडाको पुर्वमा वडा नं. ४ सानागाउ, पश्चिममा दिपायल सिलगढी नगरपालिका, उत्तरमा वडा नं. २ बगलेक, दक्षिणमा दिपायल सिलगढी नगरपालिकाको वडा नं. ८ लडागडा, उत्तर पुर्वमा वडा नं. ३ गैरागाउ र दक्षिण पूर्वमा वडा नं. ६ गाँजरी रहेको छ । हावापानीका दृष्टिकोणले यस वडाको मौसम मध्यम खालको हुने गर्छ ।

पर्यटकिय स्थलका रुपमा यस वडामा शाजेन्द्रश्वर मन्दिर, शाजेन्द्रश्वर ताल, र किमडेश्वर मन्दिर रहेका छन् । यस वडाको बिचै बिच भएर पहलमान सिह स्वार राजमार्ग गएको छ । शिक्षाको दृष्टिकोणले एउटा मावि, तीन वटा आवि र १ वटा निजी विद्यालय रहेका छन् ।

डोटी जिल्लाको पुर्वी भागमा अवस्थित पूर्वीचौकी गाउँपालिका वडा नं. १ खिरसैन समुद्री सतहबाट १८०० मिटरको उचाईमा रहेको छ । यस वडाको उत्तरी अक्षांस २९.२८ डिग्री र पूर्वी देशान्तर ८१.०४ डिग्री रहेको छ ।

## १.२ ऐतिहासिक पृष्टभूमि तथा विशेषता

**फुलौट** : परापूर्वकालमा यस वडामा प्रशस्त मात्रामा फूलहरु पाइने र विभिन्न चाडपर्वहरुमा फुलका गात्ता तथा गुच्छाहरु बनाई एकअर्कासँग खुसियालीको रुपमा साटासाट गर्ने प्रचलनको कारण फुलौट नाम रहन गएको भन्ने किंवदन्ती छ ।

**खिरसैन** : फुलौट गाउँको मध्यमा (बीचमा) एउटा सम्म परेको रमणीय स्थान भएको र उक्त स्थानबाटै पूर्व र पश्चिमतिर आवत जावत गर्ने मूल बाटो रहन गएकोले उक्त सम्म परेको स्थानलाई अझै सुन्दर तथा आकर्षक बनाउन उक्त सम्म परेको स्थानलाई अझै ठूलो, फराकिलो तथा आकर्षक पार्नको लागि खार खुर गरी रमणीय बनाउने उद्देश्यले पूर्खाहरुले त्यसस्थानलाई खारेर ठूलो तथा फराकिलो पार्न ७ वटा जाँते (सत्तार राँगोको छाला जसलाई प्रचलित भाषामा

खाडे भन्ने गरिन्छ) प्रयोग गरेर खारेर उक्त सम्म परेको स्थानलाई अझै सुन्दर र आकर्षक बनाईएकोले यस ठाउँको नाम खिरसैन रहन गएको भन्ने भनाई प्रख्यात छ ।

यी बाहेक यस ठाउँमा आउने पाहुनाहरुलाई मिठो खानाको परिकार खीर खुवाई स्वागत गर्ने भएकोले पनि यस ठाउँलाई खिरसैन भनिएको भन्ने भनाई रहेको छ ।

## १.३ वडाको आर्थिक अवस्था

यस वडाकाका बासिन्दाहरुको मुख्य आम्दानीको स्रोत कृषि तथा पशुपालन, वैदेशिक रोजगार र ज्याला मजदुरी र नोकरी रहेको छ । अन्नबाली, नगदेबाली र पशुपालन आदि यहाँको प्रमुख आर्थिक स्रोतहरुका बालीहरु हुन । आर्थिक रुपले सक्रिय हुन सक्ने जनसंख्याको विश्लेषण गर्दा झण्डै ४८ प्रतिशत सक्रिय जनसंख्या रहेको छ ।

## १.४ विकासको सम्भावना, अवसर, चुनौती र समस्याहरु

**विकासको सम्भावना** : यस वडामा विकासको सम्भावनाका दृष्ट्रिकोणले देहाय बमोजिमको सम्भावना देखिन्छ ।

- प्राकृतिक स्रोत तथा साधनका दृष्ट्रिकोणले, मध्यम हावापानी, ढुङ्गा गिट्टी बालुवा, काफल, लिउरो आदिको सम्भावना देखिन्छ ।
- आर्थिक क्षेत्रका हिसाबले, पर्यटकिय स्थल शाजेन्द्रश्वर पिकनिक ताल, किमडेश्वर मन्दिर, तरकारी खेती, धान, गहु, मकै, कोदो आदिको सम्भावना रहेको छ ।
- सामाजिक हिसाबले, १ वटा माध्यामिक विद्यालय, २ वटा आधारभुत विद्यालय, १ वटा प्राथिमिक विद्यालय र १ निजी प्राथमिक विद्यालय रहेका छन् ।
- भौतिक पूर्वाधारका हिसाबले, बिचै बिच पहलमान सिह स्वार राजमार्ग सहित सहायक सडक निर्माण भएका छन । शत प्रतिशत घरधुरीमा विधुतको पहुँच रहेको छ ।

**अवसरहरु :**

- राजमार्गको उपलब्धता भएको ।
- भौगोलिक रुपले पायक पर्ने र सुन्दर तथा उपयुक्त हावापानी भएकाले कृषि प्राविधिक क्याम्पस सञ्चालन गर्न सकिने ।
- कृषि उत्पादनमा वृद्धि गर्न सकिने ।
- तरकारी खेतीको पकेट क्षेत्र स्थापना गर्न सकिने ।
- आन्तरिक पर्यटकलाई प्रवर्द्धन गर्न सकिने ।

- कृषि तथा गैरकृषिजन्य उत्पादनको लागि संकलन केन्द्र स्थापना गरी बजारसँग समन्वय गर्न सकिने ।
- सामुदायिक पूर्वधार निर्माण र विकासमा जनसहभागिता र स्थानीय स्रोतलाई प्रयोग गर्न सकिने

**चुनौती र समस्याहरु :**

- कृषिमा एकीकृत अनुदान नीतिको अभाव
- परम्परागत खेती प्रणालीमा सुधार ल्याउने तर्फ समुदायको जागरुकतामा कमी हुनु ।
- जलवायु परिवर्तनको उच्च जोखिम ।
- समुदायको परम्परागत सोच ।
- जमीनमा नयाँ नयाँ किरा र रोगको प्रकोप बढदै ।
- घरेलु उद्योगको स्थापना नुहनु ।
- दक्ष जनशक्तिको पहिचान तथा परिचालन तथा उत्पादनमा जोड्ने प्रयास नहुनु ।
- युवाहरुमा श्रम प्रतिको मोह, आकर्षण र सम्मानमा कमी हुनु ।

# खण्ड : २ बालमैत्री स्थानीय शासन

## २.१ बालमैत्री स्थानीय शासनको अवधारणा

बालबालिका भनेका आजका मानव मात्र नभई भोलिका कर्णधार हुन्, जीवनका झरना हुन् । बाल्यकाल मानव जीवनको अत्यन्त महत्त्वपूर्ण संवेदनशील कालखण्ड हो । जहाँ मानिसको शारीरिक, सामाजिक, बौद्धिक, संवेगात्मक विकास भएको हुन्छ । बाल्यावस्था मानव जीवनको उर्जा प्राप्त गर्ने समयको रुपमा रहेको हुन्छ । बालबालिकाको सामान्य एक समृद्ध जीवन जिउनको लागि आवश्यक पर्ने आधारभुत आवश्यकता तथा अवसरहरु प्राप्त गर्ने कानुनी हैसियतलाई बाल अधिकार भनिन्छ ।

बालबालिकाका लागि शिक्षा, स्वास्थ्य, खेलकुद तथा मनोरञ्जन, माया, स्नेह, आफ्ना विचार तथा भावनाको अभिव्यक्ति, आफ्नो संस्कृति तथा धर्म मान्य एवं कुनै पनि किसिमका जोखिमहरुबाट सुरक्षा पाउने तथा कुनै किसिमका हिंसा, दुर्व्यवहार, भेदभाव र शोषण भएको अवस्थामा न्याय र संरक्षणको व्यवस्था बालबालिकाको मौलिक अधिकार हुन् जसले भोलिका सक्षम कर्णधार बनाउनका लागि महत्त्वपूर्ण भुमिका खेल्दछ । त्यसैले बालबालिकाहरुको अझ संरक्षण र बाल अधिकारको प्रत्याभुति गराउनु पर्छ भन्ने विषय राज्यको प्रमुख सरोकार र प्राथमिकताको विषय बनेको छ ।

बालमैत्री स्थानीय शासन बाल अधिकार सम्बन्धी समग्र पक्ष बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताको प्रवर्द्धन गरि नेपालको संविधान बमोजिम स्थानीय तहमा सुशासन अभिवृद्धि गर्न ल्याएको अवधारणा हो । नेपालमा बालबालिका सम्बन्धी व्यवस्था भएका विभिन्न ऐन, कानुन तथा कार्यविधि कार्यान्वयनमा ल्याइएको अवस्था छ जसले गर्दा बाल अधिकार प्रवर्धनका क्षेत्रमा नतिजा समेत हासिल भई बालमैत्री स्थानीय शासनका क्षेत्रमा धेरै कामहरु भई रहेका छन।

बाल अधिकारका मुलभुत ४ क्षेत्रहरु, बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता सवालहरुलाई स्थानीय तहको नीति, संरचना, प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकिय पद्धतिलाई नै बालमैत्री स्थानीय शासन भनिएको छ । जसले बालबालिकाको अर्थपूर्ण सहभागिता भई आफ्नो अनुकुलको योजना तर्जुमा गरि बजेट विनियोजनमा सघाउ पुर्याउछ ।

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ मा उल्लेखित बाल बचाउका १४, बाल संरक्षणका १०, बाल विकासका ६, बाल सहभागिताका ६ गरी ३६ सेवा प्रवाह सम्बन्धी सूचकहरु र १५ वटा संस्थागत सूचकहरु गरी जम्मा ५१ वटा सूचकहरुले तोके बमोजिम न्यूनतम उपलब्धी हासिल गर्ने कार्यभार बालमैत्री स्थानीय शासन गाँउ र वडा समिति, गाँउपालिका र सरोकारवालहरुको हो ।

**बालमैत्री स्थानीय शासनको उद्देश्यहरुः**

- बालमैत्री स्थानीय शासन अवलम्बन गरेका गाउँपालिका र तिनका वडाहरुलाई बालमैत्री गाउँपालिका र वडा घोषणा गर्न आवश्यक सूचना, विधी तथा प्रक्रियाका बारेमा जानकारी दिने।
- बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन तथा घोषणाको लागि सम्बन्धित जिल्ला समन्वय समिति, प्रदेश सरकार र मन्त्रालयले गर्ने अनुगमनका सूचक र प्रक्रिया निर्धारण गर्ने ।
- बालमैत्री स्थानीय तह घोषणाको लागि अनुगमन प्रतिवेदन तयार गर्न सहयोग पुर्याउने ।
- बालमैत्री स्थानीय शासन अवलम्बन, कार्यान्वयन र घोषणामा सहजीकरण गर्ने ।

## २.२ बालबालिकाको परिभाषा :

- उमेर, परिपक्कता, पारिवारिक स्थिति, वातावरण, सक्षमता, अनुभव र उनीहरूले पाएका अवसरहरूको आधारमा बालबालिकाको परिभाषा गर्न सकिन्छ । तर बालबालिका सम्बन्धी ऐन २०७५ को अनुसार "बालबालिका भन्नाले १८ वर्ष उमेर पूरा नगरेको व्यक्ती सम्झनु पर्छ।"
- बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति २०७४ अनुसार बालबालिका भन्नाले १८ बर्ष उमेर ननाघेका बालबालिकालाई सम्झनु पर्छ।
- अन्तराष्ट्रिय महासंन्धी १९८९ का अनुसार कानूनले वयस्कताको उमेर कम तोकेको अवस्थामा बाहेक बालबालिका भनेको १८ बर्ष भन्दा कम उमेरका सबै बालक वा बालिका हुन।
- नेपालको बाल श्रम निषेध र नियमन गर्ने ऐन २०५६ ले १४ बर्ष उमेर पूरा नगरेका बालकलाई श्रमिकको रूषमा काममा लगाउनु हुदैन भनी १४ बर्षलाई बालबालिकाको उमरे समूहको रूपमा चित्रण गरेको छ।

यसरी भिन्न भिन्न परिवेशमा भिन्न भिन्न उमेर समूहलाई आधार मानि बालबालिकाको परिभाषा गर्न खोजिएको पाईन्छ तर बालमैत्री स्थानीय शासनको सन्दर्भमा बालबालिका भन्नाले १८ बर्ष उमेर ननाघेका बालबालिकालाई सम्झनु पर्दछ।

## २.३ बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यकता :

बालमैत्री स्थानीय शासनको आवश्यकता निम्नानुसार रहेका छन् ।

- बालबालिकाको आधारभूत अधिकारको संरक्षण र उनीहरूको विकासका लागि अनुकूल र बालमैत्री वातावरणको सिर्जना गर्न ।
- बालबालिका विरुद्ध सबै प्रकारको शोषण, दुर्व्यवहार, जोखिम र भेदभावको अन्त्य र

बालबालिकाहरूको जीवनस्तरमा सुधार गर्न ।

- ☞ बालबालिकाले आफ्नो लागि आफै योजना बनाउने परिपाटी स्थापित गर्न ।
- ☞ बालबालिकाहरूमा आत्मबल र विश्वासको विकास भई वयस्क प्रति सम्मानको भावना जागृत पार्न।
- ☞ बालबालिकाहरू आफ्नो अधिकार प्राप्त गरी कर्तव्य प्रति पनि जिममेवारी बोध गर्न ।
- ☞ बाल सञ्जालहरुको विकास, बाल सहभागिताको विकास र गाँउ समाजको नाम राख्न ।
- ☞ बालबालिकाको उज्जवल भविष्य निर्माण गर्न ।
- ☞ परिवार र स्थानीय निकायहरुमा बालबालिका प्रति संवेदनशील भई लगानी गर्ने बानीको विकास गर्न ।
- ☞ बालबालिकाका इच्छा, चाहाना, सवाल र समस्या प्रति सरोकारवालाहरुलाई जिम्मेवार बनाउन
- ☞ बालबालिकालाई सुरक्षित रूपमा भविष्य निर्माण गर्ने वातावरण बनाउन ।
- ☞ निर्णय प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता गराई उनीहरूको आवाज सुनुवाई गर्न।
- ☞ बाल सरोकारका विषयमा बालबालिकाले नेतृत्व लिने अवसर निर्माण गर्न ।
- ☞ आफ्ना सरोकारका विषयमा बालबालिकाले बोल्न पाउनु र उनीहरूले बोलेका कुराहरू निर्णयकर्तालाई बुझाउन सक्ने अवसरको श्रृजना गर्नु ।
- ☞ बालबालिकालाई हेला, श्रमशोषण, दुर्व्यवहार, बेचबिखन जस्ता जोखिमहरूबाट संरक्षण गर्न
- ☞ देशको लागि सक्षम नागरिक तयार गर्दै समाजको अग्रगामी विकास गर्न।

## २.४ विद्यमान ऐन नियममा बालबालिका सम्बन्धी भएको व्यवस्था

### २.४.१ नेपालको संविधान

नेपालको संविधानको ३९ ले बालबालिकाको अधिकारलाई मौलिक हकको रुपमा अङ्गिकार गरि देहाय बमोजिमको व्यवस्था गरिएको छ :

- ✍ प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ ।
- ✍ प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गिण व्यक्तित्व विकासको हक हुनेछ ।
- ✍ प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।
- ✍ कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।
- ✍ कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक

राख्न पाइने छैन ।

- ✍ कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन।
- ✍ कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुन सुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।
- ✍ प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।
- ✍ असहाय, अनाथ, अपांगता भएका, द्वन्द्व पीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।
- ✍ उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुने छन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

### २.४.२ बालबालिका सम्बन्धी ऐन २०७५

बालबालिकाको अधिकार सम्मान संरक्षण प्रवर्द्धन र परिपुर्ति गरी बालबालिकाहरुको सर्वोतम हित कायम गर्न बालबालिका सम्बन्धी ऐन २०७५ मिति २०७५ साल आश्विन २ गते प्रमाणिकरण गरिएको थियो यो ऐन विशेष ऐन हो र यसले बालबालिकाको समग्र अधिकार वहालिको लागि वनेको कानुन हो र यसमा परिच्छेद १० धारा ८ वटा छन् । यस ऐनमा बालबालिकाको अधिकार, बालबालिका प्रतिको दायित्व, बाल न्याय बालबालिकाको विशेष संरक्षण र पुर्नस्थापना, बालअधिकार तथा बाल कल्याण सम्वन्धी संस्थागत व्यवस्था, बालबालिकाको अधिकार तथा निज प्रतिको दायित्वको संरक्षण र प्रचलन, बालबालिका विरुद्धको कसुर र सजाय क्षति पुर्ति तथा मुद्धा हेर्ने अधिकारीको व्यवस्था गरेको छ ।

### २.४.३ स्थानिय सरकार सञ्चालन ऐन २०७४

स्थानिय तहमा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता, सुनिश्चित गरी जनताको नजिक बाट सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरुप स्थानिय सरकारलाई व्यवस्थित बनाउन स्थानिय सरकार सञ्चालन ऐन २०७४ कार्यान्वयनमा रहेको अवस्था छ । यस ऐनमा स्थानिय तहको बालअधिकार संग सम्बन्धित भुमिकाहरु उल्लेख गरेको छ । वडाको काम कर्तव्य र अधिकार अन्तरगत आधारभुत स्वास्थ्य सरसफाई शिक्षा र बाल संरक्षणका कार्यहरुमा ।

- दफा ११ (२) (त) (५) मा सडक बालबालीका, अनाथ, असहाय, असक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरुको सञ्चालन, व्यवस्थापन, अनुगमन नियमन गर्ने व्यवस्था छ ।
- दफा १२ (२) (ग) (२९) मा वडालाई बालमैत्री बनाउने,
- दफा १२ (२) (ग) (३०) मा वडा भित्र आर्थिक सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति जेष्ठ नागरिक, अल्पसंख्यक सीमान्तकृत समुदायको अभिलेख राखि सामाजिक र आर्थिक उत्थान सम्वन्धी कार्य गर्ने,
- दफा १२ (२) (ग) (३६) सडक बालबालिकाको उद्धार र पुर्नस्थापनाको लागि लगत संकलन गर्ने ।
- दफा १२ (२) (ग) (३२) मा बाल विवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाईजो, हलिया प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरिति र अन्धविश्वासको अन्त्य गर्ने गराउने व्यवस्था गरेको छ ।

### २.४.४ मुलुकी अपराध संहिता ऐन, २०७४

सर्वसाधारणको नैतिकता, शिष्टाचार, सदाचार, सुविधा, आर्थिक हित कायम राख्न विभिन्न धार्मिक तथा सांस्कृतिक समुदाय बीचको सु-सम्बन्ध तथा शान्ति कायम गर्न फौजदारी कसुर निवारण र नियन्त्रण गर्नः

- मुलुकी अपराध संहिता ऐन, २०७४ को दफा १७३ मा बाल विवाह गर्न नहुनेः उपदफा (१) विपरीत भएको विवाह स्वतः बदर हुनेछ ।
- दफा १८८ मा गर्भपतन गर्न नहुनेः उपदफा (७) मा कसैले गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान हुने कुनै काम गर्न वा गराउन र त्यसरी लिङ्ग पहिचान भएपछि गर्भपतन गर्न वा गराउनु हुदैन ।
- दफा २१९ जवर्जस्ती करण गर्न नहुनेः उपदफा (२) कसैले कुनै महिलाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि अठार वर्ष भन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जवर्जस्ती करणी गरेको मानिनेछ ।

### २.४.५ मुलुकी देवानी संहिता ऐन, २०७४

- दफा १११ नाम र थर पाउनेः उपदफा (१) मा प्रत्येक व्यक्तिले जन्मेपछि आ-आफ्नो धर्म संस्कृति, चलन र परम्परा अनुसार निजको आमा वा बाबुले राखेको नाम पाउनेछ ।
- दफा ११२ मा आमा, बावु, बाजे तथा बजैको नाम उल्लेख गर्नु पर्ने कुनै व्यक्तिको बावु पत्ता नलागेको अवस्थामा निजले आमा र आमा तर्फको बाजे बाजे, बजैको नाम उल्लेख गर्न सक्नेछ

र आमाको पनि नाम पत्ता नलागेको भए सोही व्यहोरा उल्लेख गरी निज नाबालक भए संरक्षक वा माथवरको र बालिग भए आफ्नो नाम मात्र उल्लेख गर्नु पर्याप्त हुनेछ ।

- दफा ११२ देखि दफा १२१ सम्म नावालकको अधिकार र संरक्षणको व्यवस्था गरेको छ।

### २.४.६ श्रम ऐन, २०७४

श्रम ऐन, २०७४ ले सबै प्रकारका श्रम शोषणको अन्त्य गर्ने उद्देश्यका साथ कसैले पनि बालबालिकालाई कानून विपरीत हुने गरी काममा लगाउन नपाईने व्यवस्था गरेको छ ।

### २.४.७ मानव अधिकार आयोग ऐन, २०६८

मानव अधिकार आयोग ऐनले नेपालको संविधानमा उल्लेखित व्यवस्था अनुरुप मानव अधिकारको संरक्षण, सम्बर्धन र प्रभावकारी कार्यान्यनका लागि एक स्वतन्त्र र स्वायत संस्थाको रुपमा राष्ट्रिय मानव अधिकार आयोग स्थापना भएको छ । यस आयोगले मानव अधिकारको उल्लङ्घन गर्न पक्षहरु र कुनै व्यक्ति संस्था वा सङ्गठनले उक्त अधिकार हनन् प्रति देखाएको उदासिनताको बारेमा अनुसन्धान गर्ने काम गर्दछ ।

### २.४.८ बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६

नेपाल सरकारले बाल श्रम न्यूनिकरण गर्नका लागि बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ पारित गरी कार्यान्वयनमा रहेको अवस्था छ । उक्त ऐनको उद्देश्यहरु निम्न बमोजिम छन्

- बालबालिकालाई कल कारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन निषेध गर्ने
- बालबालिकालाई अन्य काममा लगाउँदा तिनिहरुको स्वास्थ्य, सुरक्षा तथा सेवा र सुविधा सम्बन्धमा व्यवस्था गर्ने ।
- १४ वर्ष मुनिका बालबालिकालाई काममा लगाउन निषेध गर्ने ।
- बालबालिकाहरुको सर्वाङ्गीण हितको लागि आवश्यक संरक्षणको व्यवस्था मिलाउने ।

### २.४.९ मानव बेचविखन र ओसार पसार (नियन्त्रण सम्बन्धी) ऐन, २०६४

यो ऐनले व्यक्तिको खरिद बिक्रि लगायत मानव बेचविखन, आयात निर्यात, कसैलाई वेश्यावृत्तिमा प्रयोग गर्नु, मानव अंग झिक्नु, शोषण वा यौन कार्यका लागि कुनै मानिसलाई घर वा बसेको स्थानबाट टाढा लिनु जस्ता क्रियाकलापहरुलाई मानव बेचविखन र ओसारपसार भनेर परभाषित गरेको छ । यो ऐनले त्यस कार्यमा संलग्न हुने विरुद्ध विभिन्न प्रकारका सजायहरुको व्यवस्था पनि गरेको छ । साथै यसले विदेशमा बेचिएको नेपाली नागरिकको उद्धार, पुर्नस्थापना र पुनर्मिलन सम्बन्धी कानुनी व्यवस्था समेत गरेको छ ।

### २.४.१० बालमैत्री स्थानीय शासन : राष्ट्रिय रणनीती २०७४

रणनीतिक सोच : मुलुकका सम्पूर्ण बालबालिकालाई बाँच्न पाउने, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकार सुनिश्चित हुने गरि समावेशी र समतामूलक समाजको स्थापनामा स्थानिय शासन पद्धतिलाई सुदृढ, सक्षम र जवाफदेहीयुक्त तुल्याउन सहयोग पुर्याउनुनै बालमैत्री स्थानीय शासन व्यवस्थाको रणनीतिक सोच हुनेछ ।

**लक्ष्य** : बालमैत्री स्थानीय शासनको प्रवर्द्धनबाट बाल अधिकार प्राप्त भै बालबालिकाको लागि आवश्यक सेवाको उपलव्धता र गुणस्तरमा उल्लेखनीय सुधार भै सेवाको सुनिश्चतता भएको हुनेछ।

### २.४.११ बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनिति २०७२

नेपालको संविधान दिगो बिकास कार्यसुची २०१६-२०३० का साथै अन्य राष्ट्रिय अन्तरराष्ट्रिय प्रतिबद्धता अनुसार बालअधिकार उल्लंघनको कारक तत्वको रुपमा रहेको बाल विवाहको रोकथाम तथा न्यायमा पहुँचको लागि राज्यको क्रियाशिलता ढाउनु पर्ने अवस्था छ त्यसैले नेपाल सरकारले वालविवाह अन्यका लागि राष्ट्रिय रणनिति २०७२ कार्यान्वयनमा रहेको अवस्था छ ।

**परिकल्पना** : बालमैत्री एवं लैङ्गिक समानतायुक्त समाजको निर्माण गर्ने दिशामा योगदान पुर्याउने।

**ध्येय** : बाल विवाहमुक्त वातावरणमा बालबालिकाको अधिकारको सुनिश्चतता गर्ने ।

**लक्ष्य** : सन् २०३० सम्ममा नेपालमा बाल विवाह अन्त्य गर्ने ।

### २.४.१२ दिगो विकासका लक्ष्यहरु :

संयुक्त राष्ट्रसंघको पहलमा सन् २०१६-२०३० सम्म प्राप्त गर्ने गरी तयार गरिएको विश्वव्यापी लक्ष्यहरु नै दिगो विकास लक्ष्यहरु हुन् जसमा १७ वटा मूल लक्ष्य तथा १६९ सहायक लक्ष्यहरु तोकिएका छन् । पाँचौ लक्ष्यको लैङ्गिक समानता अन्तर्गत "सबै प्रकारका हानिकारक अभ्यासहरु जस्तै कलिलो उमेरमा गरिने र जबरजस्ति गरिने विवाह र महिलाको योनि छेदन को उन्मूलन" मा बाल विवाहलाई २४.५ प्रतिशत बाट घटाएर ४.१ मा झार्ने लक्ष्य समावेश गरिएको छ।

दिगो विकासका कूल १७ लक्ष्यहरु मध्ये १, २, ३, ४, ५, ६, ९, ११, १६ र १७ गरी १० वटा लक्ष्यहरु बालबालिका र महिला संग सम्बन्धित रहेका छन् । जसमध्ये महत्वपूर्ण लक्ष्यहरुमा लक्ष्य ४: सबैका लागि समावेशी र गुणस्तीय शिक्षा सुनिश्चित गर्ने, लक्ष्य ५: लैङ्गिक समानता हासिल गर्ने र किशोरीहरुको सशक्तीकरण गर्ने र लक्ष्य ६: सबैका लागि खानेपानी तथा सरसफाइको उपलब्धता

गर्ने विषयहरु रहेका छन् । सन् २०३० सम्ममा न्यायपूर्ण तथा समृद्ध मुलुक बनाउने परिकल्पना साथ नेपालको दिगो विकास लक्ष्यहरु तयार भई स्वीकृत भइसकेको छ ।

### २.४.१३ बाल अधिकार सम्बन्धि महासन्धि, १९८९

बाल आधिकार महासन्धी १९८९ (नेपालले १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेको) ले बाल अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्न गैर विभेदिकरण (धारा २), सर्वोत्तम हित (धारा ३), सर्वाङ्गिण विकास (धारा ६), सहभागिता (धारा १२) को सिद्धान्तलाई प्रतिपादन गरेको छ । यिनै सिद्धान्तमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता ४ क्षेत्रहरुमा केन्द्रित हुँदै बाल अधिकारलाई सम्बोधन गर्ने गरी बालमैत्री स्थानीय शासन प्रणालीको प्रवर्द्धन गर्न बालबालिकालाई शासन व्यवस्थाको प्रतिफल दिलाउन आवश्यक छ ।

### २.५ जिल्ला, नगर तथा गाउँस्तरीय योजनामा बालबालिका सम्बन्धी भएको व्यवस्था

बालबालिका लक्षित विकास कार्यका हरेक चरणहरुमा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चत गर्दै बालअधिकारको सम्मान, पालना तथा परिपुर्तिको प्रत्याभुतिका लागि परिवार, समुदाय अनि राज्य बालबालिका प्रति संवेदनशील हुनुपर्दछ । यसका लागि योजना प्रक्रिया बालअधिकारमा आधारित हुनु आवश्यक छ भने बालबालिकाको लाग समय, स्रोत तथा सोचको यथोचित लगानी पनि हुनुपर्दछ । यसका लागि बालमैत्री स्थानीय शासन : राष्ट्रिय रणनीति २०७४ जारी भई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागीताको सुनिश्चित गरिएको छ । त्यसै गरी स्थानीय तहको नीति निर्माण, बजेट विनियोजन तथा कार्यान्वयन र अनुगमन जस्ता कार्यमा बालबालिकाको सहभागीता गराउने नीति राज्यले लिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ उपदफा २ को (क) १ मा व्यवस्था भए अनुसार सहभागीमुलुक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोल स्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोल स्तरीय योजनाको माग संकलन, प्राथमिकिकरण र छनौट गर्ने भनिएकोमा बालबालिका सम्बन्धी योजनाहरु पनि बालभेला मार्फत गरिनु पर्ने व्यवस्था रहेको छ।

### २.६ बाल समूह वा बाल क्लबहरु

नेपालको संविधान, २०७२ को मौलिक हकमा उल्लेख भएको बालबालिकाको सहभागिताको अधिकार तथा नागरिकहरुको संगठन, स्वतन्त्रता र शान्तिपूर्ण भेला हुन पाउने अधिकारको व्यावहारिक कार्यान्वयनमा सहयोग पुर्याउन, नेपाल सरकारले लागु गरि आएको बालमैत्री स्थानीय शासन रणनीति अन्तरगत बाल क्लब गठन तथा सहजीकरण प्रक्रियालाई व्यवस्थित र प्रभावकारी

ढंगले लागु गर्न गराउन, स्थानीय तहलाई सहयोग पुगोस भन्ने उद्देश्यले नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको नमुना कार्यवीधिलाई आधार मानी यस गाउँपालिका भित्र बाल क्लब तथा सञ्जाल गठन र व्यवस्थापन मार्फत सार्थक बाल सहभागिता सुनिश्चित गर्नका लागि बाल क्लब/बाल सञ्जाल गठन, व्यवस्थापन तथा सहजीकरण कार्यविधी, २०८० जारी भई सोही बमोजिम पूर्वीचौकी गाउँपालिका वडा नं. १ खिरसैनमा ४ वटा विद्यालय स्तरीय र १ वटा वडा स्तरीय बाल क्लब गठन गरी सञ्चालनमा रहेको छ ।

## २.७ बालमैत्री गाउँपालिका अवधारणा

बालमैत्री स्थानीय शासन बाल अधिकार सम्बन्धी समग्र पक्ष (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) को प्रवर्द्धन गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहमा सुशासन अभिवृद्धि गर्न ल्याएको अवधारणा हो । बाल अधिकार सम्बन्धी अन्तरराष्ट्रिय महासन्धी र (CRC), १९८९, दिगो विकास लक्ष्यहरु (सन् २०१६-२०३०), नेपालको संविधानमा भएको बाल अधिकार सम्बन्धी व्यवस्था, बालबालिका सम्बन्धी ऐन, २०७५, बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति, २०७४, सोह्रौ योजना (आ.व. २०८१/०८२-२०८५/०८६), लगायत बालबालिकाको पक्षमा नीतिगत एवं कानुनी प्रावधान राखी बाल अधिकारको समग्र पक्षमा वकालत गरेका छन् ।

## २.८ बाल अधिकार (बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता)

**बाल बचाउ अर्थात बाँच्ने पाउने अधिकार :**

बाँच्न पाउनु प्रत्येक बालबालिकाको जन्मसिद्ध अधिकार हो । गर्भवती महिलालाई विशेष स्याहार, सुरक्षित जन्म, खोप तथा स्वास्थ्य स्याहार, पौष्टिक आहार (स्तनपान र पोषणयुक्त खाना), सफा पानी, स्वच्छ हावा, माया ममतापूर्ण पालनपोषण र हेरचाह तथा मौसम अनुसारको लुगाफाटा, ओढ्ने सुरक्षित बसाई र हुर्काई आदि बालबालिकाहरुको बाँचन पाउने अधिकार पर्दछ । बाल अधिकार सम्बन्धी महासन्धी, १९८९ का प्रावधानहरुको विश्लेषण गर्दा आमाबावुबाट प्राप्त गर्ने हेरचाह (धारा ५), जीवन बाँच्ने र विकास (धारा ६), स्वास्थ्य हेरचाह र सेवा (धारा २४), बाँच्नका लागि जीवनयापनको मापदण्ड (धारा २७) लगायतका बाल बचाउ सँग सम्बन्धित प्रावधानहरु पर्दछन्।

**बाल संरक्षण अर्थात संरक्षणको अधिकार**

प्रत्येक बालबालिकाको धेरै कुराहरुबाट संरक्षण गर्नु पर्छ । बालबालिकाहरु शारीरिक, मानसिक रुपमा परिपक्क नभई सकेको हुँदा विभिन्न प्रकारका जोखिमहरु हुन सक्छन । बालबालिकाहरुलाई गर्भ देखि नै भेदभावबाट संरक्षण दुर्व्यवहार, पीडा, शोषण, परित्याग, हेला, अपमान, गाली, कुटपिट

र यातनाबाट संरक्षण, यौन शोषण, श्रम शोषणबाट संरक्षण, हानिकारक काम तथा युद्धमा संलग्नताबाट संरक्षण, बेचविखन, ओसारपसारबाट संरक्षण, लागु पदार्थ नशालु पदार्थ बाट संरक्षण र बानूनी संरक्षणहरु बालबालिका संरक्षणका अधिकार हुन ।

**बाल विकास अर्थात विकासको अधिकार**

बाल विकासको अधिकार भित्र बालबालिकाहरुले स्वच्छ र रमाईलो वातावरणमा असल शिक्षा आर्जन र औपचारिक/अनौपचारिक, खेल मनोरञ्जन र आराम, जीवनपयोगी सीप तथा कला, स्वास्थ्य उपचार तथा आफु संग सम्बन्धित क्षेत्रको सामान्य जानकारी, आमा वुवा दुवैको भरपुर माया ममतामा हुर्कन पाउने, उचित मार्गदर्शन र राम्रो पारिवारिक वातावरण प्राप्त गर्नु बालबालिकाको विकासको अधिकार हुन । बाल अधिकार सम्बन्धि महासन्धी १९८९ प्रावधानहरु विश्लेषण गर्दा नाम, राष्ट्रियता हेरचाह (धारा ७), आमावुवासंग बस्ने (धारा ९), परिवारसंग पुनर्मिलन (धारा १०), समाजिक सुरक्षा (धारा २६) शिक्षा (धारा २८), आराम खेल र संस्कृती (धारा ३१), अपाङ्गता भएका बालबालिकाहरुको विषेश हेरचाह (धारा २३) र शरणार्थी बालबालिकाको सुरक्षा र विषेश हेरचाह (धारा ३२) लगायत बालबिकास संग सम्बन्धित प्रावधानहरु पर्दछन ।

**बाल सहभागिता अर्थात सहभागिताको अधिकार**

बालबालिकासंग सरोकार राख्ने वा प्रभाव पार्ने सवै विषयहरुमा बालबालिकाहरुको विचार र भावनाको कदर बाल सहभागिताको अधिकार हो । यस अधिकार अन्तर्गत बालबालिकाहरुले आफ्नो विचार राख्न पाउनु र सो विचारको उचित कदर तथा मान्यता पाउनु, निर्णय प्रकृयामा भाग लिन पाउनु, विभिन्न सभा सम्मेलनमा, समाजको हित हुने सामाजिक कार्य तथा साँस्कृतिक गतिविधिमा भाग लिन पाउने, आस्था अनुसारको धर्ममा संलग्न हुन पाउने, सवै कुराको जानकारी तथा सूचना पाउने र अभिव्यक्त गर्ने, संघसस्था खोल्ने तथा सहभागि हुने बालबालिकाको विचार र भावनाको सम्मान गरिनु पर्दछ ।

१२ देखि १८ वर्षका बालबालिकाले बालबालिका सम्बन्धि योजना तथा निर्णय प्रकृयामा सहभागी हुन पाउनु बालबालिकाको बालविकासका अधिकारहरु हुन बालअधिकार सम्बन्धी १९८९ मा व्यवस्था भएका प्रावधानहरु मध्य बालबालिकाले आफुलाई असर गर्ने निर्णयमा सहभागि हुन पाउने विचार अभिव्यक्तिको स्वतन्त्रता र व्यक्त विचारको सम्मान (धारा १२), जानकारी प्राप्त गर्ने र त्यसमा आफ्नो धारणा राख्ने (धारा १३), विचार विवेक र धर्मको स्वतन्त्रता (धारा १४), संगठन

सम्बन्धि स्वतन्त्रता (धारा १५) निजीपना र गोपनियताको हक (धारा १६), आम संचार सूचनामा पहुच (धारा १७) लयायतका प्रावधानहरु पर्दछन् ।

## २.९ बालमैत्री स्थानीय शासन कार्यक्रमका साझेदार तथा सहयोगी संस्थाहरु


यस वडा नं. १ खिरसैनलाई बालमैत्री स्थानीय शासन घोषणा गर्न तथा बालमैत्री स्थानीय शासन कार्यक्रमलाई सहयोग गर्ने साझेदार तथा सहयोगी संस्थाहरु देहाय बमोजिम रहेका छन् ।

- संघीय सरकार (संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय)
- प्रदेश सरकार ( सामाजिक विकास मन्त्रालय)
- स्थानीय सरकार
- नेपाल रेडक्रस सोसाइटी
- World Vision International
- समान पहुँच विकास केन्द्र सिड नेपाल
- सामुदायिक विकास मञ्च सिडीसि, डोटी

# खण्ड : ३ वडाको जनसंख्यिकी विवरण

## ३.१ लिङ्ग अनुसार घरमुलीको विवरण

पूर्वीचौकी गाउँपालिका वडा नं. १ खिरसैनको घरधुरी सर्वेक्षण २०८१ अनुसार जम्मा ५१३ घरपरिवार रहेका छन । ती घरपरिवार मध्य २२८ मा महिला र २८५ मा पुरुष घरमुली रहेका छन । लिङ्गको आधारमा घरमुली प्रतिशत देहाय बमोजिम रहेको छ ।




(स्रोत : घरधुरी सर्वेक्षण २०८१)

यस वडामा महिला घरमुली जम्मा ४४.४४ प्रतिशत र पुरुष घरमुली जम्मा ५५.५६ प्रतिशत रहेको छ । महिला भन्दा पुरुष घरमुलीको प्रतिशत बढी रहेको छ ।

## ३.२ जातिगत, धर्म र मातृभाषाका आधारमा घरपरिवार विवरण

यस वडाको जातिगत आधारमा घरपरिवारहरुको विवरण हेर्दा ब्रहामण/क्षेत्री र दलित जातिको बसोबास भएको पाइन्छ । उक्त जातिका परिवारहरुको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.स | जातजातिको विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ब्राहमण/क्षेत्री | ३९१ | ७६.२२ |
| २ | दलित | १२२ | २३.७८ |
| | | ५१३ | १०० |

(स्रोत : घरधुरी सर्वेक्षण २०८१)

यस वडामा धर्म अनुसार १०० प्रतिशत हिन्दु रहेको छ भने मातृ भाषा अनुसार २ घरपरिवार नेपाली र ५११ घरपरिवार डोटेली भाषा बोलचाल गर्ने गरिएको छ ।

## ३.३ उमेर समूह अनुसार जनसंख्या

यस वडाको उमेर समुह अनुसार जनसंख्यालाई तालिकामा प्रस्तुत गरिएको छ ।


| उमेर समुह | महिला | पूरुष | जम्मा |
|---|---|---|---|
| १ वर्ष मुनि | १९ | ३२ | ५१ |
| १-२ वर्ष सम्म | २९ | ३७ | ६६ |
| ३-४ वर्ष सम्म | ५७ | ४९ | १०६ |
| ५-६ वर्ष सम्म | ४० | ६२ | १०२ |
| ७-८ वर्ष सम्म | ६८ | ४७ | ११५ |
| ९-१० वर्ष सम्म | ५८ | ६२ | १२० |
| ११-१२ वर्ष सम्म | ७९ | ७४ | १५३ |
| १३-१४ वर्ष सम्म | ४९ | ७१ | १२० |
| १५-१६ वर्ष सम्म | ८२ | ७४ | १५६ |
| १७-१८ वर्ष सम्म | ७० | ६९ | १३९ |
| १९-२४ वर्ष सम्म | १७४ | १८९ | ३६३ |
| २५-४५ वर्ष सम्म | ३६८ | ३९५ | ७६३ |
| ४६-६० वर्ष सम्म | १८२ | १४३ | ३२५ |
| ६१-७५ वर्ष सम्म | १०८ | ७१ | १७९ |
| ७५ वर्ष माथि | ३७ | १५ | ५२ |
| **जम्मा** | **१४२०** | **१३९०** | **२८१०** |

(स्रोत : घरधुरी सर्वेक्षण २०८१)

माथिको तालिमा अनुसार यस वडाको जम्मा जनसंख्या २८१० रहेको छ भने जसमा महिला १४२० (५०.५) र पूरुष १३९० (४९.५) रहेको छ ।

## ३.४ बालबालिकाको जनसंख्या

यस वडामा रहेका १८ वर्ष मुनिका बालबालिकाको जम्मा जनसंख्या ११२८ रहेको छ, जसमा बालिका ५५१ (४८.८) र बालक ५७७ (५१.२) रहेको छ । जम्मा जनसंख्याको ४०.१ प्रतिशत बालबालिकाहरुको जनसंख्या रहेको छ । जसलाई देहायको चार्टमा प्रस्तुत गरिएको छ।




(स्रोत : घरधुरी सर्वेक्षण २०८१)

## ३.५ जनसंख्या वृद्धिदर

यस वडाको जनसंख्या राष्ट्रिय जनगणना २०७८ अनुसार २६२० रहेको थियो भने हाल घरधुरी सर्वेक्षण २०८१ अनुसार जनसंख्या २८१० रहेको छ । २०७८ लाई आधार मान्दा यस वडाको जनसंख्या वृद्धिदर ३.६ रहेको छ ।

## ३.६ जन्म दर्ता सम्बन्धी विवरण

यस वडाको ५ वर्ष मुनी र ६-१८ वर्षका बालबालिकाहरुको जम्मा संख्या क्रमश २२३ र ९०५ रहेको छ । जसलाई बालबालिकाहरुको संख्या र जन्म दर्ता गरिएको संख्यालाई तालिकामा प्रस्तुत गरि विश्लेषण गरिएको छ ।

| क्र.स | ५ वर्ष मुनिका बालबालबालिकाको | | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | बालक | जन्म दर्ता गरिएको संख्या | २२ | ९५.७ |
| २ | | जन्म दर्ता नगरिएको संख्या | १ | ४.३ |
| जम्मा | | | २३ | १००% |
| ३ | बालिका | जन्म दर्ता गरिएको संख्या | २७ | ९६.४ |
| ४ | | जन्म दर्ता नगरिएको संख्या | १ | ३.६ |
| जम्मा | | | २८ | १००% |
| ५ वर्ष मुनिका जम्मा जन्म दर्ता गराएका बालबालिका संख्या | | | ४९ | ९६.१ |

| | | |
|---|---|---|
| ५ वर्ष मुनिका जम्मा जन्म दर्ता नगराएका बालबालिका संख्या | २ | ३.९ |
| ५ वर्ष मुनिका जम्मा बालबालिकाको संख्या | ५१ | १००% |

| क्र.स | ६-१८ वर्ष मुनिका बालबालबालिकाको | | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | बालक | जन्म दर्ता गरिएको संख्या | २५६ | ९८.५ |
| २ | | जन्म दर्ता नगरिएको संख्या | ४ | १.५ |
| जम्मा बालकको संख्या | | | २६० | १००% |
| ३ | बालिका | जन्म दर्ता गरिएको संख्या | ३२८ | ९७.९ |
| ४ | | जन्म दर्ता नगरिएको संख्या | ७ | २.१ |
| जम्मा बालिकाको संख्या | | | ३३५ | १००% |
| ६-१८ वर्ष मुनिका जन्म दर्ता गराएको संख्या | | | ५८४ | ९८.१ |
| ६-१८ वर्ष मुनिका जन्म दर्ता नगराएको संख्या | | | ११ | १.९ |
| ६-१८ वर्ष मुनिका जम्मा बालबालिकाको संख्या | | | ५९५ | १००% |

(स्रोत : घरधुरी सर्वेक्षण २०८१)

### ३.७ बाल विवाहको अवस्था :


#### ३.७.१ विवाह सम्बन्धी विवरण :

यस वडामा जम्मा घरपरिवार ५१३ मध्य विगत ३ वर्ष भित्र ५७ घरपरिवारमा विवाह भएको पाइन्छ जसमा महिला २४ जना र पूरुष ३३ रहेको छ । विवाह सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.स | लिङ्ग | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला | २४ | ४२.११% |
| २ | पूरुष | ३३ | ५७.८९% |
| जम्मा | | ५७ | १००% |

#### ३.७.२ बाल विवाह सम्बन्धी विवरण :

यस वडामा ५१३ घरपरिवारमा विगत ३ वर्ष भित्र ५७ घरपरिवारहरुमा विवाह भएकोमा २० वर्ष मुनि उमेर भएका २२ वटा घरपरिवारहरुमा बाल विवाह भएको छ । बाल विवाह सम्बन्धी विवरण तलको चार्टमा प्रस्तुत गरिएको छ ।




(स्रोत : घरधुरी सर्वेक्षण २०८१)

### ३.८ परिवार संख्या र प्रति परिवार औसत बालबालिका संख्या :

यस वडा नं १ मा जम्मा घरपरिवार संख्या ५१३ रहेको छ, जसमा जम्मा जनसंख्या २८१० रहेको छ । १८ वर्ष मुनिका अर्थात बालबालिकाहरुको संख्या ११२८ रहेको छ ।

यस वडाको जम्मा बालबालिकाहरुको संख्या र जम्मा घरपरिवारको संख्या अनुसार प्रति परिवार औसत बालबालिका संख्या २.२ रहेको छ ।

# खण्ड : ४ बाल तथा मातृ स्वास्थ्य

## ४.१ बाल तथा मातृ स्वास्थ्य

विकासका प्रमुख सूचक मानिने मातृ तथा बाल स्वास्थ्य अवस्थाको सुधारमा पूर्वीचौकी गाउँपालिकाले उल्लेख्य प्रगति हासिल गरेको छ । विगत ५ वर्षयता नवजात शिशु मृत्युदर सहित बाल मृत्युदर घटेको छ । अन्य स्वास्थ्य अवस्थामा समेत महत्वपूर्ण सुधार आएको देखिन्छ । घरधुरी सर्वेक्षण २०८१ का अनुसार पूर्वीचौकी गाउँपालिकामा मातृ मृत्युदर र शिशु मृत्युदर शून्य अवस्थामा रहेको छ ।

## ४.२ सुरक्षित मातृत्व कार्यक्रम :

सुरक्षित मातृत्व अन्तर्गत गर्भवती स्याहार, सुरक्षित प्रसुति, सुत्केरी स्याहार, परिवार नियोजन, नवजात शिशु स्याहार आदी पर्दछन् । गर्भवती महिलाले कम्तीमा आठ (८) पटक गर्भको जाचँ गर्नु पर्दछ । पहिलो पटक १२ हप्तामा, दोस्रो पटक १६ हप्तामा, तेस्रो पटक २०-२४ हप्तामा, चौथो पटक २८ हप्तामा, पाँचौ पटक ३२ हप्तामा, छैठौं पटक ३४ अप्तामा, सातौ पटक ३६ हप्तामा र आठौं पटक ३८-४० हप्तामा गर्भ जाँच गराउनु पर्ने व्यवस्था छ ।

सुरक्षित प्रसुति गराउन स्वास्थ्य संस्थामा लैजाने गरिन्छ र स्वास्थ्य संस्थामा प्रसुति गराएमा महिलाले यातायात खर्च वापत प्रोत्साहन रकम पाउछन् । त्यसै गरी सुत्केरी आमाले स्वास्थ्यकर्मीसँग तीन पटक आफ्नो र नवजात शिशुको जाँच गराउने गरेका छन् । सुत्केरी जाँचमा आमा र नवजात शिशुको खतराका लक्षणहरु पहिचान गर्न शारीरीक जाँच गर्नका साथै स्तनपान, सरसफाई, आराम, पोषण, नवजात शिशु स्याहार, खोप, परिवार नियोजन, झुलको प्रयोग सम्बन्धमा परामर्श दिइन्छ ।

## ४.३ खोप लगाउने बालबालिकासम्बन्धी विवरण:

यस वडामा १ वर्ष मुनिका बालबालिकाको सख्या ५१ (बालिका १९ बालक ३२) जना रहेका छन् । विभिन्न प्रकारका खोपहरु र खोप लगाएका बालबालिकाहरुको विवरण निम्नानुसार रहेका छन् ।

| बालक/ बालिका | बि.सि.जी. (BCG) | डी.पी.टि. (DPT)/हेप.बि. हिव.-१ | डी.पी.टि. (DPT)/हेप. बि. हिव.-२ | डी.पी.टि. (DPT)/हेप.बि. हिव.-३ | दादुरा/रुबेला | हेपटाईटिस वी |
|---|---|---|---|---|---|---|
| बालिका | १८ | १३ | १० | ७ | ८ | ६ |
| बालक | २६ | २५ | २१ | १८ | १७ | ११ |
| **जम्मा:** | **४४** | **३८** | **३२** | **२५** | **२५** | **१७** |

(स्रोत : घरधुरी सर्वेक्षण २०८१)

### ४.४ पोलियो थोपा खाने बालबालिका सम्बन्धी विवरण

पोलियो थोपा खुवाइएका बालबालिकाको संख्या जम्मा ३४३ जना छन् जस्को विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| बालक/बालिका | पोलियो थोपा खुवाइएकाहरु | वडाका ५ वर्ष मुनिका बालबालिकाको संख्या |
|---|---|---|
| बालिका | ९९ | १०५ |
| बालक | १०७ | ११८ |
| **जम्माः** | २०६ | २२३ |

(स्रोत : घरधुरी सर्वेक्षण, २०८१)

यस वडाका ५ वर्ष मुनिका जम्मा बालबालिकाको संख्या २२३ रहेका छन् भने पोलियो थोपा खुवाएका बालबालिकाहरुको संख्या २०६ रहेको छन् अर्थात ९२.४ प्रतिशत बालबालिकाले मात्र पोलियो थोपा खान पाएका छन्।

### ४.५ बालबालिकामा पोषणको स्थिति

बालबालकाको पोषणको अवस्था सुधारको लागि यस वडामा नियमित रुपमा सुत्केरी आमाहरुको लागि पोषण भत्ता उपलब्ध गराउनुका साथै आवश्यक सचेतनामुलक कार्यक्रमहरु निरन्तर भइरहेका छन्। बालबालिकाको पोषणको स्थिति अन्तरगत यहाँ बालबालिकाको स्तनपान र कुपोषणको बारेमा तल विश्लेषण गरिएको छ ।

#### ४.५.१ स्तनपान सम्बन्धी विवरण

यस वडामा विगत २ वर्षमा जीवित जन्मेका शिशुको संख्या १०८ रहेको छ भने जन्मने वित्तिकै आमाको विगौती दुध खुवाएको शिशु संख्या १०३ रहेको छ र नखुवाएको शिशु संख्या ५ रहेको छ । ६ महिना सम्म आमाको दुध मात्रै खुवाएका शिशु १०१ अर्थात ९३.५ प्रतिशत रहेको छ, भने ६ महिना सम्म आमाको दुध र अन्य खानेकुरा पनि खुवाएको शिशु ४ रहेको छ । शिशुहरुले स्तनपान गर्न पाएको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| विगत २ वर्षमा जीवित जन्मेका | जन्मने वित्तिकै विगौती दुध खुवाएको | जन्मने वित्तिकै विगुत दुध नखुवाएको संख्या | ६ महिना सम्म शिशुलाई पूर्ण स्तनपान गराइएका | ६ महिना सम्म शिशुलाई आमाको दुध सहित थप खाना खुवाएको |
|---|---|---|---|---|

| शिशुको संख्या | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
|---|---|---|---|---|---|---|---|
| १०८ | १०३ | ९५.४ | ५ | ४.६ | १०१ | ९३.५ | ४ |

(स्रोत : घरधुरी सर्वेक्षण, २०८१)

### ४.५.२ कुपोषणबाट प्रभावित बालबालिका सम्बन्धी विवरण

| ५ वर्ष मुनिका जम्मा बालबालिकाका संख्या | कम तौल, पुड्को र ख्याउटेपन हुने पाँच वर्ष मुनिका बालबालिकाको संख्या | अति कडा कुपोषण भएको बालबालिकाका संख्या | पोषण सुधारका लागि आवश्यक उपचार गराइरहेका बालबालिका संख्या |
|---|---|---|---|
| २२३ | ० | ० | ० |

(स्रोत : घरधुरी सर्वेक्षण, २०८१)

यस वडामा कुपोषणबाट प्रभावित बालबालिकाको संख्या शून्य रहेको छ ।

### ४.६ परिवार नियोजन साधन प्रयोगकर्ताको विवरण

यस वडामा परिवार नियोजन साधन प्रयोगकर्ताको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.स | साधनको नाम | प्रकार | प्रयोग गरिरहेको संख्या | नियमित नभएको संख्या |
|---|---|---|---|---|
| १ | पिल्स | अस्थाई | ४४ | २६ |
| २ | डिपो | अस्थाई | ९२ | ५७ |
| ३ | IUCD | स्थाई | ३ | ० |
| ४ | Implant | स्थाई | २० | ० |

(स्रोत : HIMS/Health Report)


अस्थाई साधन कण्डम स्वास्थ्य चौकी खिरसैनबाट ३३५० पिस वितरण भएको छ ।

### ४.७ प्रसूति पूर्व र प्रसुति पश्चात आमा र नवजात शिशुको स्वास्थ्य परीक्षण गराउने गर्भवती महिलाहरुको विवरण

महिलाहरुको गर्भवती हुदा प्रसुति पुर्व ८ पटक र प्रसुति पश्चात ३ पटक गरि दुई भागमा विभाजन गरि गर्भवती तथा सुत्केरी महिला तथा नवजात शिशुको स्वास्थ्य परिक्षण गरिने प्रावधान रहेको छ

। नेपाल सरकारको नियमानुसार प्रसुति पुर्व ८ पटक र प्रसुति पश्चात ३ पटक स्वास्थ्य परिक्षण गराउने गर्भवती महिलाहरुको विवरण देहाय बमोजिम विश्लेषण गरिएको छ ।

### ४.७.१ प्रसुती पुर्व गर्भवती महिलाहरुको स्वास्थ्य परिक्षण विवरण




यस वडा जम्मा गर्भवती महिला ८ जना थिए । माथिको चार्ट हेर्दा शत प्रतिशत गर्भवती महिलाहरु नेपाल सरकारको मापदण्ड अनुसार स्वास्थ्य परिक्षण गरिएको, आइरन चक्की सेवन गरिएको र टी.डी खोप लगाएको देखिन्छ ।

### ४.७.२ प्रसुति पश्चात आमा र नवजात शिशुको स्वास्थ्य परिक्षण गरिएको विवरण

| प्रसुति महिलाको संख्या | विवरण | १ पटक | २ पटक | ३ पटक |
|---|---|---|---|---|
| ७ | आमाको स्वास्थ्य परिक्षण | १ | ५ | १ |
| | नवजात शिशुको स्वास्थ्य परिक्षण | १ | ४ | २ |

माथिको तालिका हेर्दा यस वडामा जम्मा ७ जना सुत्केरी महिला भएको पाइयो । जसमा आमाको स्वास्थ्य परिक्षण १ पटक चेक गर्ने १ जना, २ पटक चेक गर्ने ५ जना र ३ पटक चेक गर्ने १ रहेका छन् । त्यसैगरी नवजात शिशुको स्वास्थ्य परिक्षण १ पटक गर्ने १ जना, २ पटक गर्ने ४ जना र ३ पटक गर्ने २ जना रहेका छन् ।

### ४.८ दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरुको विवरण


यस वडामा ७ जना सुत्केरी भएको मा सबैजनाले अर्थात शत प्रतिशत महिलाहरुले दक्ष जनशक्तबाट सुत्केरी गराएको देखिन्छ । जसलाई देहाय बमोजिमको तालिकामा सुत्केरी विवरण र स्थान प्रतिशतमा तल प्रस्तुत गरिएको छः

| क्र.सं. | सुत्केरी भएको स्थान | सुत्केरी (प्रतिशतमा) | सुत्केरी भएको संख्या |
|---|---|---|---|
| १ | स्वास्थ्य संस्थामा | ८५.७ | ६ |
| २ | घरमा स्वास्थ्यकर्मीको सहयोगमा | १४.३ | १ |
| जम्मा: | | १००% | ७ |

(स्रोतः घरधुरी सर्वेक्षण, २०८१)

### ४.९ नियमित रुपमा तौल लिइएको बालबालिका सम्बन्धी विवरण

यस वडामा ५ वर्ष मुनिका बालबालिकाको संख्या २२३ रहेको छ, जसमा त्रैमासिक रुपमा १६७ जना (७४.९%) बालबालिकाहरुको तौल लिने गरिएको पाइयो भने ५६ जना (२५.१%) बालबालिकाको त्रैमासिक रुपमा तौल नलिएको पाइयो । जसलाई तलको चार्टमा प्रस्तुत गरिएको छ।




(स्रोतः घरधुरी सर्वेक्षण, २०८१)

### ४.१० भिटामिन "ए" तथा जुकाको औषधी खाएका बालबालिका सम्बन्धी विवरण

यस वडाका ५ वर्ष मुनिका बालबालिकाहरुलाई २ पटक भिटामिन 'ए' र जुकाको औषधि सेवन गराएको अवस्थाको विश्लेषण गर्दा ५ वर्ष मुनिका कुल बालबालिका २२३ रहेको र ९१.७३

प्रतिशतले भिटामिन 'ए' र ८९.१५ प्रतिशतले जुकाको औषधि खुवाएको पाईएको छ। तल उल्लेखित तालिकाले विस्तृतमा उक्त विश्लेषण प्रस्तुत गरेको छः

| भिटामिन 'ए' र जुकाको औषधि खुवाएको/नखुवाएको अवस्था | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| भिटामिन 'ए' खुवाएको बालबालिका | | भिटामिन 'ए' नखुवाएको बालबालिका | | जुकाको औषधि खुवाएको बालबालिका | | जुकाको औषधि नखुवाएको बालबालिका | |
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १९८ | ८८.७९ | २५ | ११.२१ | १९७ | ८८.३४ | २६ | ११.६६ |

(स्रोतः घरधुरी सर्वेक्षण, २०८१)

२५ जना बालबालिकालाई भिटामिन 'ए' खुवाएको पाईएन भने २६ जना बालबालिकालाई जुकाको औषधि खुवाएको पाईएन।

### ४.११ आयोडिनयुक्त नुनको प्रयोग गर्ने घरपरिवार सम्बन्धी विवरण :

यस वडाको जम्मा घरपरिवार ५१३ मध्य आयोडिनयुक्त नुनको प्रयोग गर्ने घरपरिवार ४७९ (९३.४%) रहेका छन्, भने आयोडिनयुक्त नुन प्रयोग नगर्ने घरपरिवार ३७ (६.६%) रहेका छन्।

### ४.१२ सार्वजनिक तथा निजी चर्पी र सरसफाईसम्बन्धी विवरण :

यस वडा कार्यालय अन्तरगत खिरसैन बजारमा एउटा सार्वजनिक शौचालय प्रयोगमा रहेको छ र अन्य स्थानमा सार्वजनिक शौचालय छैन । निजी चर्पी तथा शौचालयको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ ।


| घरपरिवारमा शौचालयको अवस्था | | |
|---|---|---|
| शौचालय भएको | | शौचालय नभएको |
| ४९८ (९७.१%) | | १५ (२.९%) |
| कच्ची शौचालय | पक्की/सेफ्टी टंकी | |
| १८ | ४८० | |

(स्रोतः घरधुरी सर्वेक्षण, २०८१)

माथिको तालिका अनुसार ४९८ (९७.१%) घरपरिवारमा शौचालय भएको र १५ (२.९%) घरपरिवारमा शौचालय नभएको पाइयो । ४९८ शौचालयहरु मध्य १८ घरपरिवारमा कच्ची र ४८० घरपरिवारमा पक्की अर्थात सेफ्टी टंकी भएको शौचालयहरु रहेको छ ।

### ४.१३ खानेपानीको स्रोत तथा उपलब्धी विवरण :

यस वडाका जम्मा ५१३ घरपरिवारहरु मध्य ९३.२ प्रतिशत घरपरिवारहरुले पाइपको धाराको पानी प्रयोग गर्ने पाइएको छ भने बाँकी कुवा, ढुङ्गे धारा र नदी कुलोको पानी प्रयोग गर्ने पाएको छ । जसलाई तलको चार्टमा प्रस्तुत गरिएको छ ।



# खण्ड : ५ वडाको शैक्षिक अवस्था

## ५.१ महिला तथा बालबालिकाको साक्षरता विवरण

यस वडामा लेखपढ गर्न सक्ने महिला अर्थात साक्षर महिला ६१ प्रतिशत छन् भने ३९ प्रतिशत महिला अहिले पनि असाक्षर छन्। बालबालिकाको साक्षरता अवस्था महिलाको भन्दा राम्रो अवस्थामा छ। बालबालिकाको साक्षरता प्रतिशत ७३ प्रतिशत रहेको छ।

## ५.२ शैक्षिक संस्थाहरुको विवरण

यस वडाको शैक्षिक संस्थाहरुको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.स | विद्यालयको तह | सरकारी | नीजी | जम्मा |
|---|---|---|---|---|
| १ | बाल विकास | ७ | ० | ७ |
| २ | प्राथमिक | २ | १ | ३ |
| ३ | आधारभुत | १ | ० | १ |
| ४ | माध्यामिक | १ | ० | १ |

माथिको तालिका बमोजिम बालविकास केन्द्र : सामुदायिकमा आधारित : ४, विद्यालयमा आधारित : ३ गरी जम्मा ७ वटा छन् । सरकारी विद्यालयहरुमा मावि : १, आवि : १, प्रावि : २ र निजी प्रावि १ गरि जम्मा ५ वटा रहेका छन् ।

## ५.३ छात्रछात्राको विवरण

यस वडामा रहेका सरकारी तथा निजी विद्यालयहरुमा भएका छात्रछात्राको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.स | विद्यालयको नाम | विद्यार्थी संख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | |
| १ | श्री शाजेन्द्रश्वर माध्यामिक विद्यालय | २४४ | १६८ | ४१२ | |
| २ | श्री भगवती आधारभुत विद्यालय | १०३ | १२५ | २२८ | |
| ३ | श्री नृभुश्वरी आधारभुत विद्यालय | ५७ | ५३ | ११० | |
| ४ | श्री खापर आधारभुत विद्यालय | २८ | २९ | ५७ | |
| ५ | श्री शाजेन्द्रश्वर बोडिङ्ग स्कुल | ३४ | १४ | ४८ | |
| जम्मा | | ४६६ | ३८९ | ८५५ | |

(स्रोत : शिक्षा, युवा तथा खेलकुद शाख/IEMIS)

माथिको तालिका हेर्दा यस वडाका विद्यालयमा अध्ययनरत जम्मा विद्यार्थीहरुमा ४६६ छात्र र ३८९ छात्राहरु गरि जम्मा ८५५ विद्यार्थीहरु रहेका छन् अर्थात छात्रा भन्दा बढी छात्रहरुको संख्या बढी देखिन्छ ।

## ५.४ विद्यार्थी भर्ना दर

शिक्षा, युवा तथा खेलकुद शाखाको प्रतिवेदन अनुसार यस वडामा रहेका ५ वटा विद्यालयको भर्ना अनुपात गर्दा विद्यार्थी भर्ना दर १०० प्रतिशत रहेको देखिन्छ ।

## ५.५ कक्षा दोहोर्याउने विद्यार्थी सम्बन्धी विवरण

शिक्षा, युवा तथा खेलकुद शाखाको प्रतिवेदन अनुसार यस वडामा रहेका ५ वटा विद्यालयमा कक्षा दोहोर्याउने संख्या ० रहेको देखिन्छ ।

## ५.६ छात्रवृत्ति प्राप्त विद्यार्थी विवरण

यस वडामा रहेका विद्यालयहरुमा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.स | विद्यालयको नाम | छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी संख्या |
|---|---|---|
| १ | श्री शाजेन्द्रश्वर माध्यामिक विद्यालय | १९० |
| २ | श्री भगवती आधारभुत विद्यालय | १४७ |
| ३ | श्री नृभुश्वरी आधारभुत विद्यालय | ५९ |
| ४ | श्री खापर आधारभुत विद्यालय | ३९ |
| जम्मा | | **४३५** |

(स्रोत : शिक्षा, युवा तथा खेलकुद शाख/IEMIS)

माथिको तालिका अनुसार छात्रवृत्ति प्राप्त गर्ने सबैभन्दा बढी १९० जना शाजेश्वर माध्यामिक विद्यालयमा रहेका छन् भने सबैभन्दा कम ३९ जना खापर आधारभुत विद्यालयमा रहेका छन् ।

### ५.७ तहगत रुपमा कुल शिक्षक सम्बन्धी विवरण (शिक्षक शिक्षिका विवरण)

यस वडामा कार्यरत रहेका तहगत कुल शिक्षकहरुको विवरण देहाय बमोजिम रहेको छ ।

| तह | महिला | पूरुष | जम्मा |
|---|---|---|---|
| **मा.वि** | ० | ६ | ६ |
| **आ.वि** | १ | ७ | ८ |
| **प्रा.वि** | ५ | ११ | १६ |
| **बाल विकास सहजकर्ता** | ७ | ० | ७ |

(स्रोत : शिक्षा, युवा तथा खेलकुद शाख/IEMIS)

माथिको तालिका अनुसार माविमा ६ जना, आ.विमा ८ जना, प्रा.विमा १६ जना गरि ३० शिक्षक कार्यरत रहेका छन् भने बाल विकास सहजकर्ता ७ जना रहेका छन् । शिक्षकहरुमा पूरुषको भन्दा महिला शिक्षकहरुको अनुपात धेरै कम रहेको छ ।

### ५.८ शिक्षकको तालिम सम्बन्धी विवरण

यस वडाका ४ वटा सरकारी विद्यालयमा कार्यरत ३० जना शिक्षकहरु मध्य शिक्षक पेशागत विकास तालिम लिएका ९ जना मात्र रहेका छन् भने २१ जना शिक्षकहरु तालिम लिन बाँकी रहेका छन् ।

### ५.९ वडा स्तरमा विद्यार्थी र शिक्षकको अनुपात

यस वडा अन्तरगत रहेका विद्यालयमा अध्ययनरत विद्यार्थी संख्यालाई कार्यरत शिक्षकको संख्याले भाग गर्दा (८५५/३०) २८.५ वडा स्तरमा विद्यार्थी र शिक्षकको अनुपात रहेको छ ।

### ५.१० विद्यालयमा खानेपानीको सुविधा

यस वडामा भएका सम्पुर्ण अर्थात ५ वटै विद्यालयहरुमा खानेपानीको सुविधा रहेको छ ।

### ५.११ छात्रछात्राको लागि शौचालयको व्यवस्था

यस वडामा रहेका ४ वटा सरकारी र १ वटा निजी गरी ५ वटा विद्यालयहरुमा छात्रको छुट्टै र छात्राको छुट्टै शौचालय रहेको छ ।

## ५.१२ कक्षा कोठा, फर्नीचर खेल मैदानसम्बन्धी विवरण

यस वडा अन्तरगत रहेका ५ वटा विद्यालयहरुको कक्षा, फर्निचर र खेल मैदान सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.स | विद्यालयको नाम | कक्षा कोठा, फर्निचर, र खेल मैदानको अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|
| | | कक्षा कोठा | फर्निचर | खेल मैदान | |
| १ | श्री शाजेन्द्रश्वर माध्यामिक विद्यालय | ✓ | ✓ | ✓ | |
| २ | श्री भगवती आधारभुत विद्यालय | ✓ | ✓ | × | |
| ३ | श्री नृभुश्वरी आधारभुत विद्यालय | ✓ | ✓ | ✓ | |
| ४ | श्री खापर आधारभुत विद्यालय | × | ✓ | × | |
| ५ | श्री शाजेन्द्रश्वर बोडिङ्ग स्कुल | ✓ | × | ✓ | |

(स्रोत : शिक्षा, युवा तथा खेलकुद शाख/IEMIS)

माथिको तालिका अनुसार शाजेन्द्रश्वर माविमा सबै पुगेको देखिन्छ । भगवती आविमा खेलमैदानको अभाव देखिन्छ । खापर आविमा कक्षा कोठा र खेल मैदान दुवैको अभाव रहेको देखिन्छ । शाजेन्द्रश्वर बोडिङ्गमा फर्निचरको अभाव रहेको देखिन्छ ।

## ५.१३ विद्यालय जान लाग्ने समय

यस वडामा रहेका विभिन्न विद्यालयहरुमा विभिन्न तहका विद्यार्थीहरुलाई विद्यलाय जान लाग्ने समयलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।


| विद्यालयको तह | १५ मिनेट | १५-३० मीनेट | ३०-१ घण्टा | १ घण्टा माथि | जम्मा |
|---|---|---|---|---|---|
| **प्राथमिक तह (१-५)** | ७४ | १२१ | ३२ | १४ | २४१ |
| **आधारभुत तह (६-८)** | २६ | ९१ | ३४ | २३ | १७४ |
| **माध्यामिक तह (९-१०)** | २० | ५२ | २३ | २१ | ११६ |
| **उच्च माध्यामिक तह (११-१२)** | १५ | २४ | ३ | ५ | ४७ |

माथिको तालिका अनुसार यस वडाका प्रावि तहमा अध्ययरत जम्मा २४१ विद्यार्थीहरु मध्य ७४ जनालाई १५ मी., १२१ जनालाई १५-३० मी., ३२ जनालाई ३०-१ घण्टा र १४ जनालाई १ घण्टा भन्दा माथि विद्यालय जान समय लाग्ने रहेको देखियो । आधारभुत तहमा अध्ययरत

जम्मा १७४ विद्यार्थीहरु मध्य २६ जनालाई १५ मी., ९१ जनालाई १५-३० मी., ३४ जनालाई ३०-१ घण्टा र २३ जनालाई १ घण्टा भन्दा माथि विद्यालय जान समय लाग्ने रहेको देखियो । मावि तहमा अध्ययरत जम्मा ११६ विद्यार्थीहरु मध्य २० जनालाई १५ मी., ५२ जनालाई १५-३० मी., २३ जनालाई ३०-१ घण्टा र २१ जनालाई १ घण्टा भन्दा माथि विद्यालय जान समय लाग्ने रहेको देखियो र उच्च मावि तहमा अध्ययरत जम्मा ४७ विद्यार्थीहरु मध्य १५ जनालाई १५ मी., २४ जनालाई १५-३० मी., ३ जनालाई ३०-१ घण्टा र ५ जनालाई १ घण्टा भन्दा माथि विद्यालय जान समय लाग्ने रहेको देखिन्छ ।


## ५.१४ विद्यालय जान छोड्नेहरु सम्बन्धी विवरण

यस वडाका बालबालिकाहरुमा विद्यालय जान छोड्नेहरुको विवरण देहाय बमोजिम रहेको छ ।




## ५.१५ बाल विकास केन्द्र वा पूर्व प्राथमिक विद्यालयको विवरण

बाल विकास केन्द्र वा पूर्व प्रा.बि. तहमा जाने (३-४ वर्ष सम्मका) बालबालिकाको संख्या ५१ रहेको छ। जस्मा बालकको संख्या २४ र बालिकाको संख्या २७ रहेको छ। उक्त संख्यालाई प्रतिशतमा निम्नानुसार उल्लेख गरिएको छ ।




### ५.१६ अपाङ्गमैत्री विद्यालयको विवरण :

यस वडामा रहेका विद्यालयहरु अपाङ्गमैत्री छन की छैन भन्ने प्रश्नको जवाफमा देहायको बमोजिमको प्रतिक्रिया देखिएको छ ।

# खण्ड : ६ बाल संरक्षण

## ६.१ बाल संरक्षणको जोखिममा रहेका बालबालिका सम्बन्धी विवरण

यस वडामा बाल संरक्षणको जोखिममा रहेका बालबालिका सम्बन्धी विश्लेषण गर्दा प्रकोपको कारणले प्रभावित ३७८ परिवारका बालबालिकाहरु जोखिममा रहेका देखिन्छ । जीविकोपार्जनको आधारमा जोखिम मापन गर्दा यस वडामा ३ महिना भन्दा कम र ३ देखी ६ महिना सम्म अवधिको लागि जीविकोपार्जन धान्न सक्ने २४० परिवार अर्थात ४६.७८% रहेका छन् । उनीहरुको परिवारमा रहेका बालबालिकाहरु जोखिममा बाँच्नु परेको अवस्था देखिन्छ । ३ महिना भन्दा कम समयको लागि मात्र जीविकोपार्जन धान्न सक्ने ९७ अर्थात १८.९१% परिवारमा रहेका बालबालिकाहरु उच्च जोखिममा रहेको हुँदा उनीहरुको संरक्षणको लागि घटना व्यवस्थापनमा आधारित बाल संरक्षण गर्न अति जरुरी देखिन्छ।

## ६.२ बालबालिकामाथि हुने भेदभाव सम्बन्धी विवरण

### ६.२.१ बाल कमजोरीमा घरपरिवारको व्यवहार

बालबालिकाले परिवारमा कमजोरी गरेमा घरपरिवारले गर्ने व्यवहारको विश्लेषण गर्दा बहुसंख्यक ४२५ (९६.१ प्रतिशत) घरपरिवारले सम्झाउने गरेको पाईयो भने १३ (२.९ प्रतिशत) घरपरिवारले गाली गर्ने र २ (०.५ प्रतिशत) ले कुटपिट जस्तो कठोर कार्य गर्ने गरेको पाईयो । त्यसै गरी ०.५ प्रतिशत घरपरिवारले केहि नगरेको पाइएको छ ।

### ६.२.२ घरपरिवारमा छोराछोरी बिच भेदभाव

घरपरिवारमा आफ्नो छोराछोरी विच भेदभाव गरेको छ कि भनेर हेर्दा भेदभाव गर्ने घरपरिवार ० अर्थात शुन्य प्रतिशत भएको पाईयो । यस वडा मा जम्मा घरपरिवार ५१३ मध्य १८ वर्ष मुनिका बालबालिका भएका घरहरु ४३१ थियो ती घरपरिवारहरुलाई छोराछोरी बिच भेदभाव बारे प्रश्न गर्दा शुन्य प्रतिशत अर्थात कुन पनि घरपरिवारमा भेदभाव नगरिएको देखियो ।

### ६.२.३ बालबालिकाको गल्तिमा विद्यालयमा हुने यातना

बिद्यालयमा बालबालिकाले गल्ती गरेमा पाउने सजायहरुको बारेमा विश्लेषण गर्दा ४४३ (९९.८%) जना घरपरिवाले सम्झाउने गरेको पाईयो भने १ (०.२%) जना घरपरिवारले शौचालयमा थुन्ने गरिएको भनि प्रतिक्रिया दिएको छ । यसको अर्थ विद्यार्थीहरुलाई यातना दिनेमा शुन्य तिर झर्दै गरेको भन्न मिल्ने देखिन्छ ।

### ६.३ बाल श्रमिक सम्बन्धी विवरण

यस वडामा भएका ५१३ घरपरिवारहरु मध्य ५ वटा घरपरिवारका १८ वर्ष मुनिका बालबालिकाहरु भारतमा गई बालश्रममा संलग्न रहेको देखिएको छ । बालश्रमिकको रुपमा काम गरि रहँदा २ जना बालबालिकालाई खेल्नमा भेदभाव गरिएको, १ जनालाई मनोवैज्ञानिक रुपमा भेदभा गरिएको र २ जनालाई थाहा नभएको देखिएको छ । तर वडा नं. १ खिरसैनमा भने कुनै पनि बालश्रमिक नभएको अवस्था छ ।

### ६.४ बाल यौन शोषण तथा बेचविखन सम्बन्धी विवरण

यस वडामा बाल यौन शोषण तथा बेचविखन सम्बन्धी कुनै पनि घटना नभएको पाइयो ।

### ६.५ सडक बालबालिकाको विवरण

यस वडामा सडक बालबालिका नभएको पाइयो ।

### ६.६ कुलतमा लागेका बालबालिकाको विवरण

यस वडामा कुलतमा लागेका बालबालिकाहरु नभएको पाइयो ।

### ६.७ उमेर समूह अनुसार मृत्यु हुने बालबालिकाको विवरण

यस वडामा ३ परिवारका ३ जना १८ वर्ष मुनिका बालबालिकालाई दिर्घ रोग लागेको पाईएको छ । ती दिर्घ रोगहरु मध्ये HIV Positive १ जना, मुटु सम्बन्धी १ जना र अन्य १ जनालाई लागेको पाईयो । दिर्घ रोगबाट विगत १० वर्षमा मृत्यु हुने १ बालिका रहेकी छिन् । विगत १ वर्ष भित्र यस वडाका ५ वर्ष मुनिका बालबालिकाहरु मृत्युमा शुन्य आएको देखिन्छ ।

### ६.८ खाद्यान्न संकटमा परेका बालबालिकाको विवरण

यस वडाको कुल परिवार मध्य २ परिवारका ५ वर्ष मुनिका बालबालिकाहरुले पोषिलो खाना (दिनको कम्तिमा ३ पटक दुध, लिटो, भात, फलफुल र सागसब्जी) खान पाएका छैनन् । वडाको कुल परिवार मध्य ९७ अर्थात १८.९१% परिवारलाई ३ महिना भन्दा कम मात्र खान पुग्दछ त्यसकारण ती परिवारलाई वर्ष भरी धान्न सक्ने जीविकोपार्जनको समस्या छ र उक्त परिवारमा रहेका बालबालिकाको खाद्यान्न संकटको अवस्था छ । विस्तृत खोज विवरण वडा कार्यालयले संकलन गरेर घटना व्यवस्थापन गर्न आवश्यक छ।

### ६.९ जाडो तथा गर्मीका कारण मृत्यु हुने गर्भवती महिला तथा बालबालिकाको विवरण :

यस वडामा जाडो तथा गर्मीका कारण मृत्यु हुने गर्भवती तथा बालबालिकाहरु संख्या शून्य रहेको छ।


### ६.१० संस्थागत हेरचाहमा रहेका बालबालिका सम्बन्धी विवरण :

यस वडाका जम्मा ५१ जना बालबालिका अध्ययनको सिलसिलामा वडा बाहिर गएको देखिएको छ, जसमा एयटा बालक बाल गृहमा बसि अध्ययन गरिएको देखिएको छ भने बाँकी बालबालिकाहरु छात्रबास र नातेदार आफन्तकोमा बसेको देखिएको छ ।

## खण्ड : ७ आर्थिक विकास

### ७.१ पेशा तथा आय आर्जनको अवस्था सम्बन्धी विवरण

यस वडाका घरपरिवारहरुको मुख्य पेशालाई विश्लेषण गर्दा कृषिलाई मुख्य पेशा बनाउने परिवार सबैभन्दा धेरै रहेका छन् अर्थात ७९.६% परिवार कृषिमा संलग्न छन् भने सबैभन्दा न्यून १.८% अन्य पेशामा संलग्न छन्, भने बाँकी तलको चार्टमा प्रस्तुत गरिएको छ ।





(स्रोत : घरधुरी सर्वेक्षण, २०८१)

यस वडामा व्यापार/व्यवसाय गर्नेहरु २.५% छन् भने सेवा/नोकरीमा रहेकाहरु २.३% छन् । वैदेशिक रोजगारलाई मूख्य आय आर्जनको स्रोत बनाउनेहरुको १३.८ प्रतिशत सहित दोस्रो ठूलो रहेको पेशा रहेको छ ।

### ७.२ आम्दानीले खान पुग्ने अवस्था सम्बन्धी विवरण

यस वडाका घरपरिवारहरुको बार्षिक उत्पादन/आम्दानीले बर्ष भरि खान पुगी बचत समेत गर्ने ३० घरपरिवार अर्थात ५.९ प्रतिशत रहेको छ भने ३ महिना भन्दा कम खान पुग्ने ९७ घरपरिवार अर्थात १८.९ प्रतिशत रहेको छ । जसलाई तलको चार्टमा प्रस्तुत गरिएको छ ।




(स्रोत : घरधुरी सर्वेक्षण, २०८१)

यस वडाका १४३ घरपरिवार अर्थात २७.९ प्रतिशत ३ देखि ६ महिना सम्म जीविकोपार्जन गर्न सक्छन् । १२९ घरपरिवार अर्थात २५.१ प्रतिशत ६ देखि ९ महिना सम्म जीविकोपार्जन गर्न सक्छन्, भने ११४ घरपरिवार अर्थात २२.२ प्रतिशत ९ देखि १२ महिना सम्म जीविकोपार्जन गर्न सक्ने देखिएको छ ।

## ७.३ रोजगारीका लागि विदेशमा गएकाहरुको विवरण

यस वडाका घरपरिवारबाट वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।


| क्र.स | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला | ११० | १९.४ |
| २ | पूरुष | ४५७ | ८०.६ |
| जम्मा | | ५६७ | १०० |

(स्रोत : घरधुरी सर्वेक्षण, २०८१)

५६७ जना वैदेशिक रोजगारमा गएका मध्य ११० अर्थात १९.४ प्रतिशत महिलाहरु रहेका छन् भने ४५७ अर्थात ८०.६ प्रतिशत पुरुषहरु रहेका छन् ।

वैदेशिक रोजगारमा गएका मध्य ५५४ जना अर्थात ९७.७ प्रतिशत व्यक्तिहरु छिमेकी राष्ट्र भारतमा गएका छन् भने बाँकी १३ जना अर्थात २.३ प्रतिशत अन्य मुलुक (ओमान, साउदी अरब, दुवई, मलेसिया, जापान, डेनमार्क, अष्ट्रलिया र अमेरिका) मा गएका छन् ।

वैदेशिक रोजगारमा रहेका व्यक्तिहरुको समयावधि बारे तलको चार्टमा प्रस्तुत गरिएको छ ।





(स्रोत : घरधुरी सर्वेक्षण, २०८१)

वैदेशिक रोजगारमा गएकाहरु मध्य ५ वर्ष भन्दा कम समय बिताउनेहरुको संख्या ५१८ रहेको छ भने ५ वर्ष भन्दा बढी समय बिताउनेहरुको संख्या ४९ रहेको छ ।

# खण्ड : ८ प्रकोप तथा शान्ति सुरक्षा

## ८.१ प्रकोपकको विवरण :

विगत ३ वर्ष भित्रमा यस वडामा प्रकोपको कारणले प्रभावित ९२ घरपरिवार रहेका छन् । भुकम्प, आगलागी, पहिरो र अन्य प्रकोपबाट वडा बासी प्रभावित भएको पाईएको छ । प्रकोप र प्रभावित संख्यालाई तलको चार्टमा प्रस्तुत गरिएको छ ।




(स्रोत : घरधुरी सर्वेक्षण, २०८१)

यस वडामा भुकम्पबाट ८८ घरपरिवार अर्थात ९५.६ प्रतिशत प्रभावित भएका छन् भने आगलागीबाट १.१ प्रतिशत, पहिरोबाट १.१ प्रतिशत र अन्य प्रकोपबाट २.२ प्रतिशत प्रभावित भएका छन् ।

## ८.२ प्रकोपबाट भएको क्षतिको विवरण :

यस वडामा विगत ३ वर्ष भित्र विभिन्न प्रकोपका कारण देहाय बमोजिमको क्षति भएको छ ।

- घर चर्केको : ३ घरपरिवार
- मान्छेको मृत्यु भएको : १ घरपरिवार
- नगद क्षति भएको : ८८ घरपरिवार

## ८.३ बाल अपराधको विवरण

यस वडामा बाल अवराध सम्बन्धी कुनै पनि घटना नभएको देखिएको छ ।

समाप्त